दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३६ | अंक ३३६ | बुटवल | २०८१ मंसिर २८, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Dec. 13, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रवि थप पाँच दिन हिरासतमा



पोखरा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई अदालतले थप पाँच दिन म्याद थप गरेको छ। जिल्ला अदालत कास्कीमा बिहीबार न्यायाधीश चन्द्रकान्त पौड्यालको इजलासले उनलाई थप पाँच दिन म्याद थप गरेर अनुसन्धान गर्न अनुमति दिएको हो । प्रहरीले अझै ९ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति माग गरेको थियो । रविलाई अन्तिम पटक म्याद थपेर अर्को पटक अदालत उपस्थित गराउँदा अभियोजन पत्र पनि दायर गर्ने तयारी रहेको प्रहरी स्रोतले जनाएको छ ।

सहकारी ठगी प्रकरणमा गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका रविलाई पछिल्लो पटक थपिएको ४ दिनको म्याद सकिने भएकाले अदालत उपस्थित गराइएको थियो ।

लामिछानेले आफूलाई न्यायालयको मात्रै विश्वास भएको बताएका छन् । बिहीबार कास्की जिल्ला अदालतमा म्याद थपको बहसका क्रममा उनले सहकारी संस्थाको बचत हिनामिनाको छानबिन गर्न बनेको संसदीय छानबिन विशेष समितिका सभापति सूर्य थापाले आफूविरुद्ध राजनीतिक प्रतिशोध साँधेको बताए ।

थापाले राजनीतिक प्रतिशोध साँधेको जिकिर गर्दै अब न्यायालयको मात्रै विश्वास भएको बताए । उनले आफूलाई छोडिदिन न्यायाधीश पौडेलसँग अनुनय गरे ।

एमाले सांसद समेत रहेका थापा नेतृत्वको समितिले तयार पारेको प्रतिवेदनलाई लामिछानेले 'सुनियोजित कथा' को रुपमा अर्थ लगाउँदै सोही कथाको छायांकन अहिले भइरहेको दाबी लामिछानेको थियो। रविले बिहीबार पनि आफूमाथि अमानवीय व्यवहार गरिएको र स्वास्थ्योपचारमासमेत खेलवाड गरिएको बताए ।

काठमाडौं, चितवन, पर्सालगायतका ठाउँबाट पोखरा ल्याउँदा आफू बिरामी परेको र मानवीय व्यवहारसमेत नदेखाएको रविले बताएका थिए ।न्यायाधीश पौडेलले कास्की प्रहरी प्रवक्तासमेत रहेका अनुसन्धान अधिकृत वसन्तकुमार शर्मालाई यसबारे सोधेका थिए । हिरासतमा रहेका जुनसुकै व्यक्ति भए पनि मानव अधिकारको रक्षा र स्वास्थ्योपचारको व्यवस्था हुनुपर्ने न्यायाधीश पौडेलको भनाइ थियो ।उच्च पदस्थ समातिँदा अस्पताल भर्ना गर्ने कार्यविधिलाई आफू गृहमन्त्री हुँदा संशोधन गरेको जिकीर गर्दै रविले सुविधाकै लागि आफू अस्पताल भर्ना नहुने बताएका थिए ।

भागेर कहीँ जाने स्थिति नरहेको बताँदै उनले आफू हिरासतमा हुँदा भेटिएको एउटामात्रै प्रमाणको कागज देखाउन पनि चुनौती दिएका छन् ।

## जीबी राईको राहदानी रोक्का



बुटवल । सहकारी रकम अपचलनमा फरार रहेका जीबी (गीतेन्द्रबाबु) राईको राहदानी रोक्का भएको छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीको अनुरोधमा राहदानी विभागले राईको राहदानी रोक्का गरेको हो । सहकारी ठगी प्रकरणमा फरार रहेका राईको राहदानी रोक्का भएसँगै उक्त राहदानीबाट यात्रा गर्न मिल्दैन । जीबीको राहदानी रद्द गर्न भन्दै जिल्ला प्रहरी कार्यालय कास्की प्रहरीले ३० बैशाखमा राहदानी विभागलाई पत्र पठाएको थियो । तर त्यतिबेला विभागले जीबीको राहदानी बदर गर्न नमिल्ने भन्दै प्रहरीलाई पत्र पठाएको थियो ।

राहदानी ऐन २०७६ र नियमावली २०७७ अदालतबाट लेखिआएको अवस्थामा बाहेक राहदानी रद्द गर्न नमिल्ने विभागको निष्कर्ष थियो ।नेपालको राहदानी ऐन २०७६ मा राहदानी रोक्का राख्ने र रद्द गर्ने दुवै व्यवस्था छ । ऐनअनुसार अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, आतंकवाद लगायतका केही आरोप लागेका व्यक्तिको हकमा अनुसन्धान अधिकारीले राहदानी रोक्का गर्न राहदानी विभागमा पत्राचार गर्नसक्ने व्यवस्था छ । त्यसबाहेक अदालतले पनि कुनै मुद्दा परेमा राहदानी रोक्का राख्न आदेश दिनसक्छ । कुनै जायज कारण देखिए सरकारले पनि राहदानी रोक्का राख्नसक्ने ऐनमा व्यवस्था छ ।ऐनमा कुनै पनि कसुर र अपराध गरेका कारण नेपाली नागरिकको राहदानी रद्द हुने परिकल्पना नभएको भन्दै उनको राहदानी रोक्का र रद्द दुवै हुन सकेको थिएन ।

» बाँकी ३ पेजमा

### सिद्धार्थनगरमा एडीबीको तेस्रो योजना कार्यान्वयन

# एक अर्ब १८ करोड लागतका शहरी सडक निर्माण गर्न सम्झौता



**लुम्बिनी संवाददाता**

*भैरहवा*

एसियाली बिकास बैक (एडीबी), नेपाल सरकार र सिद्धार्थनगर नगरपालिकाको सयुक्त लगानीमा सञ्चालन हुन लागेको युआरएलआइपी योजना अन्तरगतका विभिन्न शहरी सडक निमार्णकालागि सम्झौता भएको छ ।

एक अर्ब १८ करोडको लागतको उक्त योजनामा बिहीबार सिद्धार्थनगर नगरपालिका र निर्माण कम्पनी ईकेके ईन्फ्रास्ट्रक्चर लि.भारतबिच सम्झौता भएको हो । सम्झौतापश्चात् कार्यादेश पाएको ९ सय दिन भित्र निर्माण कम्पनीले योजना सम्पन्न गरिसक्नु पर्नेछ। यो योजनाअन्तरगत नाली, फुटपाथ, सेफ्टी रेलिङ्ग, खानेपाली, बिजुली, स्ट्रीटलाईट, सडक कालोपत्रे, आरसिसि ढलान तथा नगर सुन्दरीकरणलगायतका काम हुने सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खानले जानकारी दिए । उनले यो योजनालाई नगरको गौरवको आयोजनाको रुपमा लिइएको र समयमै सम्पन्न गर्नकोलागि निर्माण कम्पनीलाई आग्रह समेत गरे ।

एडीबीको ऋण लगानीमा ७५ प्रतिशत नेपाल सरकारको अनुदान, १८ प्रतिशत नगर विकास कोष र नगरपालिकाको ऋण सम्झौता तथा बाँकी ७ नगरपालिकाको आन्तरिक स्रोतबाट लगानी हुने नगरपालिकाका योजना शाखाका इञ्जिनियर साकार श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार यसअघि एडीबीका आइयुडीपी र आरयुडीपीका योजना सफतापूर्वक सम्पन्न गरे पश्चात नगरपालिकाले तेस्रो चरणको योजना सुरु गरेको हो । अघिल्ला दुई योजनाको उत्कृष्ट व्यवस्थापन गरेबापत नगरपालिका पुरस्कृत समेत भएको थियो ।

बुटवलमा भने एडीबीका फोहोरमैला व्यवस्थापन, खानेपानी र अटो भिलेज गरी तीनवटा ठूला परियाजना स्थानीयस्तरको विवाद समाधान गर्न नसकेका कारण गुमेका थिए ।

सिद्धार्थनगर नगरपालिकाकी उप-प्रमुख उमा अधिकारीले नगरपालिकाको अथक प्रयासले गर्दा अन्य पालिकामा भन्दा सिद्धार्थनगरमा ठेक्का प्रक्रिया छिटो र पारदर्शी भएर लागू हुने चरणमा पुगेको उल्लेख गर्दै निर्माणको क्रममा पनि नगरपालिकाले पूर्णरुपमा सहजीकरण गर्ने बताइन् । एडीबीको ऋण लगानीमा हुने युआरएलआइपी योजना रुपन्देहीका सिद्धार्थनगरसहित तिलोत्तमा, देवदह, सैनामैना र लुम्बिनी सांस्कृतिक नगरपालिकामा पनि आएको छ । तर ती पालिकाहरुमा योजना अध्ययनकै क्रममा छन् । सिद्धार्थनगरमा ठेक्का सम्झौतासम्मको चरणमा आएको हो ।

यो योजनाअन्तरगत विभिन्न २७ बटा सडकतर्फ साढे २३ किलोमिटर बढी लम्वाईका सडक निर्माण हुने छ । सुगरमिल, सुकुनीपथदेखि डण्डा कोरिडोर जाने सडक, भिमकाली पथ, दुर्गा कोलीनीका भित्री सडकहरु निर्माण हुने सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधीकृत जनक थापाले बताए ।

सम्झौतापश्चात् एक दुई महिनाभित्रमा नै योजना कार्यान्वयनको चरणमा जाने र योजना पुरा हुँदा नगरको बिकासले फड्को मार्ने बताए । धेरै मेहनत गरेर नगरको रणनीतिक योजनालाई समयमै सुरु गर्न सफल भएको समेत उनले बताए । निर्माण कम्पनी ईकेके इन्फ्रास्ट्रक्चर लि.का प्रतिनिधि विक्रम गौतमले नगरको गौरवको योजनालाई आफूहरुले समयमै पूरा गर्ने प्रतिबद्धता जनाए ।

## समस्याउन्मुख देशभरका सहकारीको अध्ययन हुँदै




बुटवल । समस्याउन्मुख सहकारी संस्थाहरूको अध्ययन गर्न सरकारले गठन गरेको विज्ञ टोली देश दौडाहामा निस्कने भएको छ ।

अर्थ मन्त्रालयले टोलीमा रहने सात जना विज्ञको नाम प्राप्त भइसकेको र उनीहरूलाई कुन-कुन प्रदेशमा पठाउने भन्ने तय गरेर तत्कालै फिल्डमा पठाइने सहकारी तथा गरिबी निवारण मन्त्रालयकमा सचिव अर्जुनप्रसाद पोखरेलले जानकारी दिए ।

सहकारी मन्त्रालयका उपसचिवको नेतृत्वमा हुने हरेक टोलीमा एक जना विज्ञ सदस्य, सहकारी विभागको एकजना प्रतिनिधि र सम्बन्धित प्रदेशको सहकारी रजिस्ट्रार सदस्य रहने जानकारी उनले दिए ।

जुन स्थानीय तहमा रहेको सहकारीको अनुगमन गर्ने हो, त्यसको सहकारी हेर्ने अधिकृत पनि टोलीमा सहभागी हुनेछन् ।

यसअघि गत १६ कात्तिकमा मुख्यसचिवको संयोजकत्वमा सरोकारवालाबिच भएको बैठकले सातै प्रदेशका समस्या उन्मुख सहकारीको अनुगमन गर्न केन्द्रबाटै टोली परिचालन गर्ने निर्णय गरेको थियो ।

'बचत तथा ऋणको मुख्य कारोबार गर्ने समस्या उन्मुख सहकारी संस्थाको स्थलगत अनुगमन गरी त्यस्ता संस्थाको कारोबारको यथार्थ वस्तुस्थिति र जोखिमसमेत आँकलन गरी प्रतिवेदन पेस गर्न प्रत्येक प्रदेशमा कम्तीमा एक विज्ञ सहितको टोली गठन गरी निश्चित कार्यादेशसहित भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले खटाउने,' सो दिनको निर्णयमा उल्लेख थियो ।

यसका लागि वित्तीय क्षेत्रमा काम गरेका आवश्यक जनशक्ति अर्थ मन्त्रालयले र अन्य जनशक्ति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराउने निर्णय पनि सो बैठकले गरेको थियो । सोही निर्णयअनुसार टोली परिचालन हुन लागेको हो ।

समस्याग्रस्त भइसकेका सहकारीहरूको सम्पत्ति तथा दायित्व मूल्यांकन गरी बचत फिर्ता गर्न संघीय सरकार मातहत समस्याग्रस्त सहकारी व्यवस्थापन समिति रहेको छ । तर, प्रदेश र स्थानीय तहका सहकारीको व्यवस्थापनका लागि त्यस्तो समिति पनि छैन ।

समस्याग्रस्त घोषणा नभइसकेका तर समस्या उन्मुख सहकारीको स्थलगत अध्ययन गरी प्रतिवेदन पेस गर्न यो समिति गठन भएको सचिव पोखरेलले बताए ।



# सम्पादकीय

## बढ्दो सम्बन्धविच्छेद

नेपालमा पाँच वर्षमा १ लाख ५३ हजार ७४५ जनाले सम्बन्धविच्छेदको निवदेन दर्ता गरे। वर्षेनी सम्बन्धविच्छेदको लागि अदालत पुग्नेहरुको संख्या बढ्दै गएको छ। आर्थिक वर्ष २०७५।०७६ मा २३ हजार ३११ सम्बन्धविच्छेदको निवेदन दर्ता भएकोमा आब २०७९।०८० मा ३७ हजार ४ सय ३३४ निवेदन दर्ता भए। यो पाँच वर्षको तथ्याङ्क हेर्दा वर्षेनी सम्बन्धविच्छेद गर्नेको संख्या बढिरहेको छ।

नेपाली समाजमा पारिवारिक विखण्डनको डरलाग्दो श्रृखंला चलिरहेको यो तथ्याङ्कले देखाउँछ। सामान्य बेमेल अन्ततः दम्पत्ति छुट्टिनै पर्ने परिस्थिति निर्माण हुनुले परिवार र समाजलाई गलत बाटोतिर लैजाँदैछ। सामान्य बेमेलमा पहिले श्रीमानसँग सहमति गरी बस्ने महिलाहरु अहिले अलग हुने बाटो रोज्दैछन्। अलग हुन लागेकालाई रोक्न नखोज्ने र रोक्न खोजे पनि नमान्ने प्रवृत्ति हावी हुनु नेपाली समाज विघटनतिर गइरहेको संकेत हो। परिवारमा हार्दिकता र अपनत्व पनि हराउँदै गएको छ। वैदेशिक रोजगारीको असर पनि पारिवारिक संरचनामा पर्न थालेको छ। लामो समय दम्पत्ति सगैं बस्न नपाउँदा आशंका र बेमेल बढ्दा सम्बन्धविच्छेदलाई बल पुगेको छ।

महिला आत्मनिर्भर हुँदै गएका, आत्मसम्मान खोजी र चेतनाको कारण पनि सम्बन्धविच्छेदका घटना भएका छन्। पुरुष प्रधान समाजमा हरेक निर्णयमा पुरुष हावी हुँदै जाने र महिलालाई दोस्रो दर्जा ठान्ने प्रवृत्तिले पनि सम्बन्धविच्छेद बढाएको छ।

बढ्दो सम्बन्धविच्छेदका कारण नेपाली समाजको पारिवारिक संरचनामै बदलाव आउनसक्छ। बाबु आमाको सम्बन्धविच्छेद भएपछि छोराछोरीले पारिवारिक माया र स्नेह पर्याप्त नपाएपछि एकलकाटे हुने, कुलतमा फस्ने जस्ता जोखिम छ। वृद्धबाबु आमाको रेखदेखको अभाव पनि बढ्दै छ। सम्बन्धविच्छेदलाई सहजै लिने प्रवृत्ति समाजमा हावी हुँदैछ। सम्बन्धविच्छेद भइसकेपछि परिवार र बालबच्चामा पर्ने प्रभावको बारेमा हेक्का राखेको पाइदैन्।

नेपाली समाज अहिले तीव्र संक्रमणबाट गुज्रिरहेकोले जे भइरहेको छ, त्यसलाई स्वभाविक र उचित मान्नुभन्दा सामाजिक मूल्य र मान्यता स्थापित गर्न ध्यान दिनुपर्छ। संक्रमणबाट गुज्रेको समाजलाई सही बाटोमा डोऱ्याउन वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्न आवश्यक छ। पारिवारिक विश्वास र हार्दिकतालाई कायमै राख्न प्रविधिको सही प्रयोग गर्ने प्रबन्ध पनि परिवारका सदस्यले ध्यान दिनुपर्छ।

स्थानीय तहमा न्यायिक समिति रहने व्यवस्था छ। यो समितिलाई पारिवारिक झगडा र बेमेललाई मेलमिलाप गराउन सक्ने अधिकार छ। सम्बन्धविच्छेदसँग सम्बन्धित विवादलाई सकेसम्म मेलमिलाप गराउने पहल पालिकाबाट हुनुपर्छ। लामो समयसम्म आपसी छलफल गर्दै अघि बढे सहमतिमा ल्याउन सकिन्छ। सहमति भइनहाल्ने बित्तिकै अदालत पठाउनु व्यवहारिक रुपमा राम्रो होइन्। अदालत पुग्ने बित्तिकै मेलमिलापको ढोका साँघुरिदै जान्छ। पारिवारिक बेमेललाई मेलमिलाप गराउने, कमिकमजोरी महशुस गरी सुधार गर्नका लागि पालिकाहरुले पहल गर्न सक्छन्।

# स्वास्थ्यकर्मीहरूको सुरक्षामा बढ्दो चुनौती



डा. बच्चुकैलाश कैनी

स्वास्थ्यकर्मीमाथि कार्यस्थलमा हुने हिंसाका धेरै कारणहरू छन्। यसमध्ये प्रमुख कारण भनेको सेवाग्राही, बिरामी वा उनीहरुका आफन्तहरु स्वास्थ्य सेवाप्रति असन्तुष्ट हुनु हो। बिरामी वा उनीहरुका आफन्तहरूलाई कहिलेकाहीँ स्वास्थ्य सेवा प्राप्त गर्न ढिलाइ भएको हुन सक्छ। त्यस्तै कुनै कारणबस स्वास्थ्यकर्मीबाट उपचारमा त्रुटि हुनसक्छ।

जहाँ स्वास्थ्यकर्मी हुन्छन्, त्यहाँ स्वास्थ्य संस्था हुन्छ र बिरामी वा सेवाग्राही उपचारका लागि जान्छन्। रोगको परीक्षण, पहिचान, निदान र स्वास्थ्य उपचारका लागि एक अनिवार्य शर्त स्वास्थ्यकर्मीको उपस्थिति हुनु हो। त्यसैले स्वास्थ्यकर्मीहरु स्वास्थ्य संस्थाको मरुदण्ड मात्रै हैनन्, मुख्य पात्र र अभिन्न अङ्ग नै हुन्। स्वास्थ्यकर्मीहरू हाम्रो समाज, सेवाग्राही, बिरामी, उनीहरुका परिवार र स्वास्थ्य संस्थाहरुका लागि धेरै अर्थमा नायकहरू हुन्।

हाम्रो समाजका यिनै नायक स्वास्थ्यकर्मीहरु बिरामीको सेवामा अनवरत रुपमा चौबिसै घण्टा खटी हरेक सेवाग्राहीका लागि जस्तोसुकै अवस्थामा पनि सेवा उपलब्ध गराउँदा बिरामी वा बिरामीका आफन्तहरुबाट हिंसाको सिकार हुनु परेको कुरा तथ्यांकले देखाएको छ। यो हाम्रो आजको समाजको तीतो यथार्थ हो।

विश्व स्वास्थ्य सङ्गठनको एक प्रतिवेदनअनुसार स्वास्थ्यकर्मीमाथि हुने हिंसाको दर पेसा, समूह र मुलुकअनुसार कम्तीमा समग्रमा आठ प्रतिशतदेखि बढीमा ३८ प्रतिशतसम्म छ। यसमध्येमा स्वास्थ्यकर्मी माथिको अधिकांश हिंसा बिरामी र बिरामीको आफन्त वा कुरुवाबाट नै हुने गरेको छ। विश्वव्यापी रुपमा गरिएको अर्को एक अध्ययनअनुसार कुनै देशमा ६२ प्रतिशतसम्म स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा हिंसाको अनुभव गरेको कुरा उल्लेख गरिएको छ। यसमध्ये सबैभन्दा बढी गैरशारीरिक हिंसाको रुपमा ५८ प्रतिशतले मौखिक दुर्व्यवहार, ३३ प्रतिशतले धम्की र १२ प्रतिशतले यौन उत्पीडनसम्बन्धी हिंसा भोगेको कुरा प्रतिवेदनमा उल्लेख छ।

नेपालमा पनि कार्यस्थलमा स्वास्थ्यकर्मीविरुद्ध हुने हिंसा एक गम्भीर समस्या बनेको छ। यो समस्या विशेषगरी चिकित्सक र नर्सहरूमा बढी देखिएको छ। सन् २०२३ मा प्रकाशित एक अनुसन्धानका अनुसार काठमाडौँमा ३६९ स्वास्थ्यकर्मीहरूमा गरिएको एक सर्वेक्षण अध्ययनमा ५४ प्रतिशत नर्स र ४५.५ प्रतिशत चिकित्सकले आफ्नो कार्यस्थलमा कुनै न कुनै प्रकारको हिंसा भोगेको कुरा उल्लेख गरेका छन्।

स्वास्थ्यकर्मीमाथि कार्यस्थलमा हुने हिंसाका धेरै कारणहरू छन्। यसमध्ये प्रमुख कारण भनेको सेवाग्राही, बिरामी वा उनीहरुका आफन्तहरु स्वास्थ्य सेवाप्रति असन्तुष्ट हुनु हो। बिरामी वा उनीहरुका आफन्तहरूलाई कहिलेकाहीँ स्वास्थ्य सेवा प्राप्त गर्न ढिलाइ भएको हुन सक्छ। त्यस्तै कुनै कारणबस स्वास्थ्यकर्मीबाट उपचारमा त्रुटि हुनसक्छ। यसैको कारण वा अन्य कुनै कारणले बिरामीको अप्रत्याशित मृत्युपछि बिरामी वा उनीहरुका आफन्तबीच आक्रोश उत्पन्न हुन्छ। फलस्वरूप यी घटनाहरुले वा प्रतिक्रियाहरुले हिंसाको रूप लिन सक्छ।

यसैगरी, स्वास्थ्यकर्मीहरूमा उच्च कार्यभार, स्वास्थ्य संस्थाहरुमा अपर्याप्त स्रोतसाधन र बिरामीको चापका कारण पनि स्वास्थ्य संस्थाहरुमा तनाबको अवस्था सिर्जना हुन सक्छ। यसले हिंसात्मक घटनालाई बढवा दिन सक्छ।

स्वास्थ्यकर्मीहरुले कार्यस्थलमा भोग्ने हिंसाले उनीहरुको मानसिक र शारीरिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। हिंसाका कारण उनीहरूको कामप्रतिको लगाव घट्न सक्छ। यसको प्रत्यक्ष प्रभाव सेवाग्राही वा बिरामीको सेवाको गुणस्तरमा पुग्छ। साथै, स्वास्थ्यकर्मीहरुले कार्यस्थलमा भोग्ने हिंसाकै कारण स्वास्थ्यकर्मीहरूमा उच्च तनाब, डिप्रेशन र बर्नआउटको समस्या पनि देखिन सक्छ। यस्ता समस्याले स्वास्थ्यकर्मीहरुलाई नकारात्मक प्रभाव पार्ने नै भयो, त्यसको असरले हाम्रो समाज, स्वास्थ्य प्रणाली र बिरामीहरूमा समेत प्रतिकूल प्रभाव पर्न सक्छ।

धेरैजसो स्वास्थ्यकर्मीहरूले हिंसाका घटनाहरूलाई सम्बन्धित निकाय र आफ्नै स्वास्थ्य संस्थामा समेत जानकारी गराउँदैनन्। यसका मुख्य कारणहरुमा आफूले हिंसा भोगेको अवस्थामा स्वास्थ्यकर्मीहरुमा आफ्नै स्वास्थ्य संस्थाको व्यवस्थापनले आवश्यक सहयोग गर्छ भन्ने आभास नमिलेको हुन सक्छ। त्यसैगरी, प्रहरी प्रशासन वा न्याय प्रणालीप्रति अविश्वास हुनु र उनीहरुलाई आफ्नै पेशागत प्रतिष्ठामा असर पर्न सक्ने डर हुनु अरु कारणहरु हुन्। यसका साथै कतिपय स्वास्थ्य संस्थाहरूले आफ्नो आन्तारिक सुरक्षा प्रणालीलाई भौतिक वा प्राविधिक रुपमा मजबुत बनाउन सकेका छैनन्। यिनै कारणहरुले गर्दा नेपालमा स्वास्थ्यकर्मीहरुको सुरक्षामा बढ्दो चुनौती थपिएको छ।

नेपालमा स्वास्थ्यकर्मीहरूमाथि हुने हिंसासम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरिएको छ। तर पनि त्यसको प्रभावकारी कार्यान्वियन भएको देखिँदैन। स्वास्थ्य संस्थाहरुमा खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारीउपर हुनुसक्ने आक्रमण रोक्न, स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको तोडफोड वा अन्य कुनै कार्य गरी स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई हानिनोक्सानी पुर्‍याउने व्यक्तितलाई सजाय दिलाउन स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरूको सुरक्षासम्बन्धी ऐन, २०६६ ल्याइएको छ। तर पनि व्यवहारमा यो ऐन पर्याप्त रूपमा लागू भएको देखिँदैन।

स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सम्बन्धित सबै सरकारी, स्वास्थ्य संस्था, नियमन निकाय र अन्य सबै पक्षहरु मिलेर बहुआयमिक रुपमा काम गर्नु आवश्यक देखिन्छ। यस मध्ये पहिलो र तत्काल गर्न सकिने काम भनेको हाल बिध्यमान नियम र कानूनको तत्काल अक्षरशः कार्यान्वयन गर्ने हो। स्वास्थ्यकर्मीको सुरक्षाका लागि बनेको कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित सबै पक्षले उचित ध्यान दिने हो भने यसलाई तत्काल कम गर्न सकिन्छ। यसका लागि स्थानीय प्रशासन, प्रहरी र स्वास्थ्य संस्थाबीच हातेमालो, समन्वय र सहयोगको आवश्यकता छ।

स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई प्रशिक्षण दिएर तथा उनीहरुमा जनचेतना अभिवृद्धि गरेर पनि स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सकिन्छ। यसका लागि स्वास्थ्यकर्मीहरूलाई तना व्यवस्थापन, सञ्चार सीप र आत्मरक्षासम्बन्धी प्रशिक्षण प्रदान गर्न सकिन्छ। साथै, बिरामी र उनीहरूको आफन्तहरूमा पनि स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा र सुविधा, त्यहाँ काम गर्ने स्वास्थ्यकर्मीहरु र स्वास्थ्य सेवाको प्रक्रियाबारे उचित जानकारी दिन सक्ने हो भने यो समस्या कम गर्न केही हदसम्म सहयोग पुग्छ।

बिरामी र उनीहरुका आफन्तहरु आफैँ तनावमा हुन्छन्। आफैँ आर्थिक, मानसिक र स्वास्थ्य समस्याहरुसँग जुधेका हुन्छन्। कतिपय अवस्थामा स्वास्थ्यकर्मीहरुले बिरामीसँग नम्र बोल्ने, साहनुभूतिपूर्वक शालीन व्यवहार देखाउने र बिरामीलाई पर्याप्त समय दिएर रोग, औषधि, उपचार, यसको प्रभाव आदिबारेमा सबै आवश्यक जानकारी दिने हो भने पनि बिरामी र स्वास्थ्यकर्मीहरुबीचको सम्बन्ध सुमधुर बनाउन सकिन्छ। यसले अवश्य पनि हिंसा रोक्न सहयोग गर्छ।

नेपालका स्वास्थ्य संस्थाहरुमा सुरक्षा व्यवस्थाको सुदृढीकरण गर्नु जरुरी देखिन्छ। कतिपय केन्द्रीय र विशिष्ट प्रकारका सेवा उपलब्ध गराउने निजी एवं अन्य सरकारी स्वास्थ्य संस्थाहरुमा नेपाल प्रहरीले सुरक्षाकर्मी उपलब्ध गराए पनि स्वास्थ्यकर्मीहरु माथि कार्यस्थलमा हुने हिंसा रोक्न पर्याप्त छैन। त्यसैले हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूमा आफैँले पर्याप्त सुरक्षा कर्मचारीको व्यवस्था गर्नुपर्छ। हरेक अस्पताल र स्वास्थ्य संस्थाहरू आधुनिक प्रविधिहरू जस्तै सिसिटिभी क्यामेरा र आपत्कालीन उद्धार प्रणाली वा आपत्कालीन प्रतिक्रिया प्रणालीको स्थापना गर्नु, त्यसको प्रभावकारी निरीक्षण, अनुगमन र कार्यान्वयन गराउनु पनि आवश्यक छ।

स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसाको भौतिक, शारीरिक र मनोवैज्ञानिक पक्ष पनि छ। हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूले हिंसाका घटनामा परेको स्वास्थ्यकर्मीलाई परामर्श र मनोवैज्ञानिक सहयोग उपलब्ध गराउनुपर्छ ताकि उनीहरूले मानसिक रूपमा पुनःसक्रियता हासिल गर्नसक्ने बनुन् र पूर्णरुपमा शारीरिक र मानसिक रुपमा स्वस्थ बनून्।

यी सबै कुराहरुको साथसाथै नेपालमा स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसा कम गर्न नीतिगत सुधार पनि गर्नु जरुरी छ।

स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि अहिले भएका नीति नियम र कानूनहरु परिमार्जन गर्दै थप कडा नियमहरु बनाउनु आवश्यक छ। यस्तो नयाँ नियममा हिंसामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्ने प्रावधान राख्नु जरुरी छ। स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐन २०६६ मा आवश्यक संशोधन गरी स्वास्थ्यकर्मी माथि हातपात भएमा तत्काल गैरजमानती गिरफ्तार (जेल विदआउट बेल) गर्ने व्यवस्था प्रभावकारी बनाई लागू गर्नुपर्छ।

नेपालमा कार्यस्थलमा स्वास्थ्यकर्मीहरू माथि हुने हिंसा एक गम्भीर समस्या हो, जसले स्वास्थ्य सेवाको उपलब्धता, पहुँच र गुणस्तरमा प्रतिकूल प्रभाव पार्न सक्छ। यस समस्याको समाधानका लागि कानुनी, संस्थागत र मनोवैज्ञानिक पक्षमा तत्काल सुधार गर्नु आवश्यक छ। त्यसैगरी नेपालमा स्वास्थ्यकर्मीहरूविरुद्ध कार्यस्थलमा हुने हिंसा रोक्नका लागि सबै सरोकारवालाहरूले मिलेर काम गर्नु पर्ने देखिन्छ। स्वास्थ्यकर्मीहरूको सुरक्षामा ध्यान नदिए स्वास्थ्य सेवा प्रणालीलाई स्थायित्व दिन, स्वास्थ्यकर्मीहरुको मनोबल उठाउन र समग्र स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न कठिन हुनेछ।

घटना र विचारबाट

# नेप्से ३३.४२ अंकले घट्यो



काठमाडौँ। सेयर बजार (नेप्से) बिहीबार ३३.४२ अंकले घटेको छ।

बुधबार झण्डै ४६ अंकले बढेको बजारको उत्साह टिक्न नसक्दा साताको अन्तिम दिन बिहीबार ३३.४२ अंकले घटेको हो। योसँगै नेप्से परिसूचक २६८२.२९ अंकमा झरेको छ। बिहीबार बजारमा ६ अर्ब १४ करोड रुपैयाँ बराबरको कारोबार भयो।

समग्र बजार घट्दा बिहीबार बजारका २०४ कम्पनीको मूल्यमा गिरावट आएको छ। ४० कम्पनीको मूल्य बढ्दा बिहीबार कुनै पनि कम्पनीको मूल्य स्थिर बसेको छैन। बजारमा बिहीबार उत्पादनमूलक र म्युचुअल फण्ड समूहमा सामान्य वृद्धि बाहेक अन्य समूहमा गिरावट आएको छ। सबैभन्दा धेरै गिरावट फाइनान्स समूहमा २.६४ प्रतिशतले भएको छ।

बिहीबार बजारमा जानकी फाइनान्सको सेयर मूल्य सर्वाधिक ९.९९ प्रतिशतले घट्दा त्रिशूली जलविद्युत् कम्पनीको सेयर ८.५५ प्रतिशतले बढेको छ। सर्वाधिक घटेको जानकी फाइनान्स बिहीबार कारोबारका आधारमा शीर्ष स्थानमा रह्यो। उक्त कम्पनीको २६ करोड रुपैयाँ बराबरको कारोबार भयो। कारोबार भएका सेयरको संख्यामा जोशी हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ।

# रायडाँडा पुग्न ४० करोडको लागतमा पक्की सडक बन्दै



गलकोट (बागलुङ)। बागलुङ नगरपालिकामा सबैभन्दा दुर्गम मानिएको रायडाँडा विस्तारै सुगम बन्दैछ। यसका लागि सडक पूर्वाधार विकास र विस्तारको काम भइरहेको छ। यहाँ विसं २०६० मा सडकको ट्र्याक पुगेको रायडाँडा बागलुङ बजारबाट १९ किलोमिटर टाढा रहेको छ।

हाल यहाँको बस्ती-बस्तीमा सडकको ट्र्याक पुगेको छ भने रायडाँडाको वडा कार्यालयसम्म पक्की सडक पुऱ्याउन धमाधम स्तरोन्नतिको काम भइरहेको छ। हाल १९ किमी सडक पक्की बनाउन दुई चरणमा ठेक्कामार्फत रु ४० करोड लागतमा सडक स्तरोन्नतिको काम भइरहेको हो। अदालत–चौपारी-गौँडाकोट-तित्याङ-भकुण्डे हुँदै रायडाँडा बरेङ शान्तिपुर सडकअर्न्तगत हाल रायडाँडासम्म सडक कालोपत्रका लागि स्तरोन्नतिका काम हुँदैछन्।

पहिलो चरणमा छ महिना अघिदेखि रु ३० करोड लागतमा भकुण्डेसम्म १५ किमी सडक र हाल भकुण्डे खण्डको चार किमीमा काम सुरु भएको छ।

यस्तै दोस्रो चरणमा भकुण्डेको शौर्यदेखि बागलुङ नगरपालिका-११ रायडाँडाको वडा कार्यालयसम्म चार किमि सडक स्तरोन्नतीका लागि रु १० करोड लागतमा ठेक्का सम्झौता निर्माण व्यवसायी काममा फर्केको छ। छिट्टै रायडाँडाका सडक बन्ने बागलुङ नगरपालिका-११ का वडाध्यक्ष ज्ञानेन्द्र गौतमले बताए। निरन्तरको पहल र बागलुङ नगरपालिकाको समन्वयमा सडक निर्माणले गति लिएको र दुवै खण्डमा सडक स्तरोन्नति भए रायडाँडा जस्तो विकट गाउँमा विकासले गति लिने अपेक्षा गरिएको उनको भनाइ छ।

“बागलुङ बजारदेखि तित्याङ हुँदै भकुण्डेसम्मको १५ किमी सडकमा बिडारी निर्माण सेवाले काम गरिरहेको छ भने भकुण्डेदेखि रायडाँडासम्मको चार किमि सडकमा एटलान्टिक निर्माण सेवाले हालै सम्झौता गरेर सडक चौडा पार्ने काम सुरु गरेको छ”, वडाध्यक्ष गौतमले भने-“बागलुङ नगरपालिकाको विकट गाउँमा पक्की सडक पुग्नु यहाँका लागि गौरवको विषय हो।”

बहुवर्षीय आयोजनाअर्न्तगत दोस्रो खण्डमा गण्डकी प्रदेशको पूर्वाधार विकास कार्यालयअर्न्तगत काम भइरहेको छ। वैशाखदेखि काम सुरु गरेका निर्माण व्यवसायीले तित्याङ खण्डमा छ किमी सडक चौडा बनाइसकेको छ भने बागलुङ बजारको अदालत चौपारीदेखि सडक चौडा पार्ने, ग्याबिन लगाउने र कल्भर्ट निर्माण गर्ने काम भइरहेको बिडारी निर्माण सेवाका सञ्चालक ध्रुब बिडारीले जानकारी दिए।

आर्थिक वर्ष २०८० चैत १६ गते दुई वर्षमा स्तरोन्नतिसहित कालोपत्र सम्पन्न गर्न सम्झौता भएकामा सडकको पहिलो खण्डमा हाल कामले गति लिएको छ। ट्र्याक खोलेको २० वर्षसम्म स्तरोन्नति हुन नसकेको सडक कालोपत्रका लागि पूर्वाधारको काम हुँदा स्थानीय पनि उत्साहित भएका छन्। स्थानीय चन्द्रप्रकाश शर्माले सडक स्तरोन्नतिले पर्यटकीय गाउँ भकुण्डे पुग्ने पर्यटकलाई सहज भई अन्य विकासमा पनि सकारात्मक प्रभाव पर्ने उनले बताए। सडकको पहुँच, विकासका गतिविधि बढ्न थालेपछि यहाँबाट बसाइँसराइ रोकिने शर्माले आशा व्यक्त गरे।



दुनाटपरी बनाइँदै
घोराही उप-महानगरपालिका-२ रामपुरकी थारु महिला मालुकाको पातको दुना टपरी बनाउँदै। थारु समुदायको मुख्य पर्व माघीमा यही दुनाटपरीमा खानपिन गरिन्छ। तस्विर : रञ्जिता अधिकारी / रासस

# स्वास्थ्यमा सर्वव्यापी पहुँच दिवस मनाइयो

काठमाडौँ। स्वास्थ्यमा सर्वव्यापी पहुँच दिवस 'नागरिकको स्वास्थ्यः राज्यको दायित्व' भन्ने नारासहित विश्वभर मनाइएको छ। प्रत्येक वर्ष डिसेम्बर १२ तारिखमा स्वास्थ्यमा सर्वव्यापी पहुँच (युनिभर्सल हेल्थ कभरेज डे) दिवस मनाइन्छ।

स्वास्थ्यमा सर्वव्यापी पहुँचको लक्ष्य भन्नाले सबै व्यक्तिले जस्तोसुकै परिस्थितिमा पनि आफूलाई आवश्यक पर्ने स्वास्थ्य सेवा आर्थिक कठिनाइको सामना नगरी प्राप्त गर्ने अवस्थाको सुनिश्चितता गर्नु हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिवसको अवसरमा प्रेस विज्ञप्ति जारी गर्दै यो दिवस सबैका लागि स्वास्थ्यमा लगानी गर्न र विशेष गरी कमजोर आर्थिक अवस्था भएकालाई स्वास्थ्य खर्चका कारण गरिबीमा पर्नबाट बचाउन पैरवी गर्ने महत्वपूर्ण अवसरका रूपमा रहेको जनाएको छ।

स्वास्थ्यमा सर्वव्यापी पहुँचले प्रवर्द्धनात्मक, निवारणात्मक, उपचारात्मकदेखि प्रशामक सेवासम्मका अत्यावश्यक स्वास्थ्य सेवाको पूर्ण निरन्तरता दिनुपर्ने विषयलाई समेट्ने विज्ञप्तिमा उल्लेख गरिएको छ।

'स्वास्थ्यमा सर्वव्यापी पहुँच' दिगो विकास एजेण्डा सन् २०३० 'कसैलाई पछि नछाडौँ' भन्ने मूल प्रतिबद्धता अनुरूप रहेको मन्त्रालयले जनाएको छ। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले अझैँ पनि चार दशमलव पाँच अर्ब मानिसले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न नसकेका र दुई अर्ब मानिस स्वास्थ्य उपचारका कारण हुने खर्चले गर्दा आर्थिक कठिनाइको सामना गरिरहेको बताउँछ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले यो दिवसले सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न र आर्थिक कठिनाइ हुनबाट जोगाउन विश्वभरका सरकारलाई विभिन्न कदम चाल्न दिवसमार्फत आह्वान गरेको बताए।

उनले स्वास्थ्यमा सर्वव्यापी पहुँच र वित्तीय सुरक्षालाई राष्ट्रिय प्राथमिकतामा राख्ने, स्वास्थ्यमा हुने खर्चका कारण गरिबीमा पर्नबाट जोगाउने कानुन निर्माण र कार्यान्वयन गर्ने, आवश्यक स्वास्थ्य सेवाको किफायती व्यवस्थाका लागि पर्याप्त बजेट छुट्याउनेलगायत विशेष गरी कम आय भएका वा दीर्घकालीन रोग भएका व्यक्तिका लागि सेवा शुल्क घटाउने वा हटाउने भन्ने विषयमा पैरवी आवश्यक रहेको उल्लेख गरे।

यसका लागि सरकारले आधारभूत स्वास्थ्य केन्द्र तथा अस्पतालको भवन निर्माण, सेवा विस्तार, औषधि एवं उपकरणको उपलब्धता तथा सेवा विस्तार, सुरक्षित प्रसूति प्रोत्साहन योजना, सामाजिक स्वास्थ्य बिमा, विद्यालय स्वास्थ्य नर्स कार्यक्रमलगायत नागरिक आरोग्य कार्यक्रम गर्दै आएको प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए।

सन् २०२१ मा नेपालको स्वास्थ्यमा सर्वव्यापी पहुँचअन्तर्गतको सेवा पहुँच सूचकाङ्क (दिगो विकास लक्ष्य) ५४ प्रतिशत रहेको छ। उक्त तथ्याङ्कले विगतका वर्षयता क्रमिक सुधार हुँदै गएको देखाउँछ। कूल स्वास्थ्य खर्चमा (सन् २०२०) गोजीबाट भएको खर्च प्रतिशत ५४ दशमलव एक रहेको छ।

## जीबी...

अहिले जीबीलाई सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धिकरणको समेत मुद्दा चलाइएकाले राहदानी रोक्काको बाटो खुलेको थियो।

यसअघि कास्की प्रहरीले जीबीको राहदानी रद्दको माग राख्दै जिल्ला अदालत, कास्कीमा रिट दायर गरेको थियो। तर न्यायाधीश हरिप्रसाद कोइरालाको इजलासले राहदानी रद्द गर्न नमिल्ने आदेश सुनाएको थियो।

विभिन्न पाँच वटा सहकारी ठगीको मुख्य योजनाकार जीबी अहिलेसम्म फरार छन्। उनले नै सञ्चालन गरेको कालिमाटीको स्वर्णलक्ष्मी सहकारी, पोखराको सूर्यदर्शन सहकारी, सहारा चितवन सहकारी, वीरगञ्जको सानोपाइला सहकारी र बुटवलको सुप्रिम सहकारी गरी पाँच वटा सहकारीमा बचतकर्ताको अर्ब बढी रकम अपचलन भएको छ।

सहकारी ठगी प्रकरणमा पक्राउ पुर्जी जारी भएपछि फरार रहेका जीबीलाई ल्याउन भन्दै प्रहरीको अन्तर्राष्ट्रिय संगठन इन्टरपोलमार्फत १३ माघमा डिफ्युजन नोटिस जारी भएको थियो।

डिफ्युजन नोटिस मात्रै जारी हुँदा जीबीलाई नेपाल लयाउने प्रक्रिया लामो हुने भन्दै नेपाल प्रहरीले रेड नोटिसका लागि पत्राचार गऱ्यो। २१ फागुनमा इन्टरपोलले जीबीविरुद्ध रेड नोटिस समेत जारी भएको थियो। रेड नोटिस जारी भएको एक वर्ष पुग्न लाग्दा समेत जीबी पक्राउ पर्न सकेका छैनन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआइजी दानबहादुर कार्की जीबीलाई नेपाल झिकाउनेबारे सकारात्मक पहल भइरहेको बताउँछन्।

यसअघि संसद्को राज्य व्यवस्था समितिमा बोल्दै जीबी मलेसियामा रहेको सार्वजनिक रुपमा प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले नै बताएका थिए। गत भदौको पहिलो साता एसपी नरहरि रेग्मीसहित २ जनाको टोली मलेसिया पठाएर जीबीलाई ल्याउनेबारे पहल समेत गरिएको थियो। जीबी मलेसियामै रहेको भन्ने पूर्ण जानकारी पाएर मलेसिया गएको रेग्मीको टोली यत्तिकै फर्किएको थियो।


लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
लुम्बिनी आयुर्वेद चिकित्सालय
बुटवल, रुपन्देही

**स-शुल्क फार्मेसीको लागि औषधी तथा अन्य औषधीजन्य सामाग्री आपूर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

शिलबन्दी दरभाउपत्र नं. LAH-SQ- ३।०८१।८२
प्रथम पटक प्रकाशित मिति २०८१।०८।२८

यस चिकित्सालयको लागि आ.व २०८१/८२ मा स-शुल्क फार्मेसीको लागि आवश्यक पर्ने औषधी तथा अन्य औषधी जन्य सामग्री खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीबाट सिलबन्दी दरभाउपत्र फारम खरिद गर्नको लागि यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्रौं) दिनसम्म कार्यालय समयभित्र राष्ट्रिय बाणिज्य बैंकमा राजस्व खाता नं.१०००१००२०००१०००० मा राजस्व शिर्षक नं. १४२२९ र कार्यालय कोड नं. ३७००१४८०५५, लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवलको नाममा रु १०००।-(एकहजार) राजस्व भौचर भरी सक्कलै बैंक भौचर पेश गरेपछि यस चिकित्सालयबाट प्राप्त गर्न सकिनेछ।

| क.स. | ठेक्का न. | कामको विवरण | धरौटी रकम रु | धरौटी खाता नं. | कार्यालय कोड नं. |
|---|---|---|---|---|---|
| १ | LAH-SQ-३-०८१।८२ | स-शुल्क फार्मेसीको लागि औषधी तथा अन्य औषधी जन्य सामग्री आपूर्ति | ६०,०००।- (अक्षररुपी साठी हजार मात्र) | ३१२०१००२० २०३०००० | ३७००१४८०५५ |

विस्तृत सूचनाको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ। (सम्पर्क नं. ०७१-४१०३०८)

कार्यालय प्रमुख



लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

**बोलपत्रहरु स्विकृतिका लागि आशयको सूचना**

सूचना प्रकाशित मितिः२०८१/०८/२८

यस अस्पतालबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्रहरुको सूचना अनुसार तपशिल बमोजिमको ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र दर्ता भएका बोलपत्रहरु मुल्यांकन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं. | सूचना प्रकाशित मिति | ठे.नं. | बोलपत्रदाताको नाम | स्वीकृत रकम मु.अ. कर पि एस र कम बाहेक |
|---|---|---|---|---|
| १ | २०८१/०६/१८ | LPH-NCB-WORKS-17-2081-082 | श्री सिउंडी निर्माण सेवा हैटौडा-११, मकवानपुर | १ करोड ७९ लाख ५९ हजार ४४ र पैसा ५५ मात्र |

मेडिकल सुपरिटेण्डेण्ट



**सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

उपरोक्त सम्वन्धमा रामग्राम नगरपालिका वडा नम्वर- १२ ,नवलपरासी जिल्ला, लुम्बिनी प्रदेशस्थित Grease/Lubricating Oil/ Coolant,/Brake Fluids,/Bitumen उत्पादन गर्ने उदेश्य रहेको एम. ए. डब्लु.पेट्रो प्रोडक्ट प्रा.लि.नामको स्थापना तथा सञ्चालनको लागि तयार गरिने प्रारम्भिक वातावरणीय परीक्षण (आईइ) प्रतिवेदन उपर मिति २०८१/०९/ ६ गते बिहान १०:३० बजे उधोग स्थलमा मा सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्यात्रम हुन गइरहेको हुदाँ उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछु।

आयोजक
एम. ए. डब्लु.पेट्रो प्रोडक्ट प्रा.लि.
रामग्राम नगरपालिका वडा नम्वर-१२, नवलपरासी
फोन नम्बर : ९८०१९०५५९६



**Bijaynagar Rural Municipality**
Office of the Rural Municipal Executive
Khuruhuriya, Kapilvastu
Lumbini Province, Nepal

**Invitation for Online Bids**

Date of publication:13th Dec, 2024(2081/08/28)

The Bijaynagar Rural Municipality has received funds to cover eligible payment under the Contract for the contracts named below.

| SN | IFB No./Works | Estimated Amount (Excluding VAT& Contigenciesbut including PS, NRs) | Bid Security Amount (Nrs.) | Bid Security Validity Periods | Bid Doc. Fee | Bidding Process/ Notice No. |
|---|---|---|---|---|---|---|
| 1 | 13/NCB/WORKS/ BRM/2081-82 (Construction of School building at BhuwaneshworiMa.Bi.) | 58,61,851.98 | 1,50,000.00 | 120 days after opening date. | 3,000 | NCB/First |

1. Eligible Bidder must bid Electronically through https://bolpatra.gov.np/egp/.
2. Bank Account No.
   Name of the Bank: Prabhu Bank, Bijayanagar Branch
   RajaswoSirsak No: 14229
   Account name :AntarikRajaswaKhata/ DharautiKhata
   Account No. : 1410107150500111/1410107150500036
3. Last date and Time of Bid Submission/Opening:

| SN | Particular | NCB(1S2E) |
|---|---|---|
| 1 | Last Date and Time of Bid Submission | Jan 13,2025(2081/09/29); 12:00 Hours |
| 2 | Last Date and Time of Bid Opening | Jan 13,2025(2081/09/29); 13:00 Hours |
| 3 | Pre-Bid Meeting Date and Time | Jan 03,2025(2081/09/19); 11:00 Hours |

4. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal, PPA 2063 and PPR 2064
5. Any amendment in the tender notice or Bidding Document will be posted in the notice board at Bijayanagar Rural Municipality Office, Khuruhuriya, Kapilvastu and may visit in Office's Web site www.bijaynagarmun.gov.np.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
7. For further information contact: 9857072737 or email: bijaynagar.mun@gmail.com

Chief Administrative Officer



**डिस्चार्ज सर्टिफिकेट हराएको सूचना**

मेरो निम्न विवरण भएको डिस्चार्ज सर्टिफिकेट यही मिति २०८१।०८।१५ गते तपाहदेखि वनवाटिका आउँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

नाम : बेलबहादुर खड्का
ठेगाना : तिलोत्तमा नं. २, तपाह नमुना पथ
4/7 GR No : 5035499
सम्पर्क : ९८५७०३५८५८



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# तिलोत्तमामा छैंठौ राष्ट्रपति रनिङ शिल्ड सुरु



तिलोत्तमा । तिलोत्तमा नगरपालिकामा छैंठौ नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ। नगर खेलकुद विकास समिति तिलोत्तमाको आयोजनामा तिलोत्तमा-४ स्थित जनज्योति खेल मैदानमा आयोजित प्रतियोगितामा नगरभित्रका सामुदायिक र निजी गरी ४४ विद्यालयका विद्यार्थीले भाग लिएका छन्। प्रतियोगिता उद्घाटन गर्दै नगरप्रमुख रामकृष्ण खाँणले विद्यालयस्तरमा रहेका प्रतिभालाई छनौट गरी उत्कृष्ट खेलाडीलाई जिल्लास्तरीय हुँदै प्रदेश र राष्ट्रिय प्रतियोगितामा समावेश गराउने उद्देश्यले रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिएको बताए ।

उनले खेलकुदको माध्यमबाट भौतिक पुर्वाधार र पर्यटन विकास समेत हुने बताए। उप-प्रमुख जगेश्वरी देवी चौधरीले रनिङ्ग शिल्ड खेलकुद स्वास्थ्यसँग पनि जोडिएकोले नगरपालिकाले खेलकुदलाई विशेष प्राथमिकता दिएको बताइन् ।

कार्यक्रममा नगर खेलकुद विकास समिति तिलोत्तमाका अध्यक्ष लोक पुन, नगरपालिकाका शिक्षा तथा खेलकुद शाखा प्रमुख गंगाराम आचार्यलगायतले बोल्दै रनिङ शिल्ड प्रतियोगिता सफल बनाउन सबै नगरवासीले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने बताए। प्रतियोगितामा एथ्लेक्टिक्सतर्फ २६ इभेन्टहरु हुने छन् भने कराँतेतर्फ १२, तेक्वान्दो तर्फ १२, भलिबलतर्फ २ र कबड्डीतर्फ २ विधा गरी ५४ प्रतियोगिता हुने छन् । नगरस्तरीय रनिङ शिल्ड र जिल्लास्तरीय प्रतियोगिता सम्पन्न गर्न नगरपालिकाले २० लाख बजेट छुट्टाएको छ ।

# लीलाराम र न्यू इरालाई सफलता




भैरहवा । रुपन्देही लीलारामा मावि र न्यू इरा इङ्गलिस बोर्डिङ स्कूल भैरहवामा जारी ११औं संस्करणको ‘स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगिता’मा विजयी भएका छन् । बिहीबार भैरहवास्थित सिद्धार्थ रंगशालामा भएका दुई खेलमा लीलारामले भैरहवा नमूना माविलाई ५ विकेट र न्यु इराले काशी नोबल एकेडेमीलाई ७ विकेटले पराजित गर्दै जित हात पारेका हुन् ।

पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको भैरहवा नमूनाले मौसमका कारण १७ ओभरमा झारिएको खेलमा १२ ओभर २ बल खेल्दै सबै विकेट गुमाएर जम्मा ६४ रनको झिनो योगफल बनायो । उसका लागि मान्तब आलमले १४, इरफान अली मुसलमानले १३ र सन्तोष हरिजनले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टीम झिनो योगफलमै रोकियो । उसलाई सस्तैमा रोक्न बलिङमा लीलारामका फैजन अहमद मुसलमानले ४, मोहम्मद अयुबले ३ तथा लक्की यादव र सुगम पोखरेलले १-१ विकेट हात पारे । प्रतिउत्तरमा लीलारामले ९ ओभर ३ बलमा ५ विकेटको नोक्सानीमा ६७ रन बनाउँदै सहजै जित निकाल्यो ।

उसको जितमा मोहम्मद निसिम मियाँले सर्वाधिक १७ रन जोडे । बलिङमा भैरहवा नमूनाका सहिन खान र मेहताब आलमले २-२ र इरफान अली मुसलमानले १ विकेट लिए ।

खेलमा फैजन अहमद मुसलमान प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे ।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको काशी नोबलले निर्धारित २० ओभरमा १९ ओभर ४ बल खेल्दै सबै विकेट गुमाएर ६५ रनमै समेटियो । उसका लागि अविश अधिकारीले २३ र आर्यन भण्डारीले अविजित १४ रन जोडे । बलिङमा न्यू इराका नितिक बानियाँले ४, सुरज गुप्ताले २ तथा सन्देश कार्की र कासिफ कमारले १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको न्यू इराले ९ ओभर २ बलमा ३ विकेटको क्षतिमा ६६ रन बनाउँदै सहजै जित हात पार्यो । उसको जितमा नीतिक बानियाँले २१ तथा तेन्डुप लामा र अमनकुमार चौधरीले समान १३ रन जोडे । बलिङमा काशी नोबलका आदित्य शर्माले २ विकेट लिए। न्यू इराका नितिक बानियाँ प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवाको मुख्य प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले ५० हजार, उपविजेताले २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बेष्ट बलरले जनही ५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय तथा बेष्ट अनुशासित टिमले ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक भरत थापाले बताए। पुस २ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका विभिन्न विद्यालयका २३ टिम सहभागी छन् ।

# दुर्गा प्रसाईंलाई धरौटीमा छाड्न आदेश



बुटवल । साइबर अपराधको कसूरमा पक्राउ परेका दुर्गा प्रसाईंलाई काठमाडौँ जिल्ला अदालतले ४० हजार धरौटीमा छाड्न आदेश दिएको छ ।

बिहीबार काठमाडौँ जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको इजलासले प्रसाईंलाई ४० हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको हो । तर, आपराधिक विश्वासघातको कसूरमा सीआइबीले अनुसन्धन गरिरहेकाले उनी तत्काल भने छुट्ने छैनन् ।

यसअघि उनलाई प्रधानमन्त्री ओलीविरुद्ध अफवाह फैलाएको आरोपमा पक्राउ गरेर अनुसन्धान गर्न अनुमति दिएको थियो । प्रहरीले प्रसाईंले विद्युतीय अपराध नियन्त्रण ऐन, २०६३ विपरीतको कसुर गरेको भन्दै उनलाई पक्राउ गरेको थियो ।

# ५.६० प्रतिशतले बढ्यो महँगी




बुटवल । पछिल्लो समय महँगी बढेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को चार महिनाको वित्तीय अवस्थामा उपभोक्ता मुद्रास्फीति ५.३० प्रतिशत पुगेको छ। अघिल्लो आव कात्तिकमा यस्तो मुद्रास्फीति ५.३८ प्रतिशत रहेकोमा यो वर्ष बढेर ५.६० प्रतिशत पुगेको हो ।

राष्ट्र बैंकका अनुसार खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९.१० प्रतिशत गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६५ प्रतिशत रहेको छ। अघिल्लो वर्ष सोही अवधिमा यी समूहको मुद्रास्फीति खाद्य समूहमा ५.९८ प्रतिशत र गैरखाद्यमा ४.९९ प्रतिशत थियो ।

चार महिना (साउन-कात्तिक) मा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ३३.९९ प्रतिशत, दाल तथा गेडागुडी १०.७८, खाद्य तथा खाद्यजन्य पदार्थ १०.१५ र घिउ तथा तेलको ९.२९ प्रतिशत बढेको छ।

यस्तै मरमसला उपसमूहको १.४१ प्रतिशत, चिनी तथा चिनीजन्य पदार्थ १.२८ प्रतिशत र माछा तथा मासुको ०.०२ प्रतिशत घटेको छ।

गैरखाद्य तथा सेवा समूह अन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १०.४१ प्रतिशत, मदिराजन्य पेय पदार्थ ६.३५ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको ४.५७ प्रतिशत र सुर्तीजन्य पदार्थको ४.२४ प्रतिशत बढेको छ।

# कालिका मानवज्ञानमा विविध कार्यक्रम हुने



बुटवल । कालिका मानावज्ञान मावि बुटवल ६४औं वर्षमा प्रवेश गरेको छ । ६४औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा पुस २ गते देखि ७ गतेसम्म विद्यालयमा विभिन्न कार्यक्रम आयोजन गर्न लागिएको छ । कालिका जिल्लास्तरीय रनिङ्गशिल्ड खेलकुद प्रतियोगितासहित विविध साँस्कृतिक कार्यक्रम, साहित्यिक कार्यक्रम, विज्ञान प्रदर्शनी तथा खेलकुदका कार्यक्रम आयोजना गर्न लागिएको विद्यालयका प्रधानाध्यापक दिनेश थापाले बताए । थापाका अनुसार पुस २ गते वार्षिक उत्सव तथा अभिावक दिवस तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता सुरुवात हुने छन् । सेक्टर १ कालिकानगरमा प्रदेशका पूर्व मुख्यमन्त्री तथा सांसद लिला गिरीले कार्यक्रम सुभारम्भ गर्ने छन् । सोही दिन ६ हजार विद्यार्थीसहितको पीटी प्रर्दशन, आकर्षण कला प्रदर्शनी, खेलाडीहरुको झाँकी प्रदर्शनी, मार्चपास सहित कार्यक्रम समावेश गरिएको छ ।

पुस २ गतेदेखि ५ गतेसम्म जिल्लास्तरीय छात्र छात्रा भलिबल प्रतियोगीता, कबड्डी प्रतियोगिता, एथ्लेटिक्स प्रतियोगीता १००, २००, ४००, ८००, १५ मिटर छात्रछात्रा दौड प्रतियोगिता, रिले दौडतर्फ ४ बाई ४००, ४ बाई १०० छात्र छात्रा दौड प्रतियोगीता समेत आयोजन हुने छन् ।

विद्यालयका प्रधानाध्यापक दिनेश थापाका अनुसार भलिबल, कबड्डी, एथलेटिक्स बिजेता टिमलाई नगद पुरस्कार, ट्रफी र मेडल प्रदान गरिनेछ । खेलहरु विद्यालयको सेक्टर १ कालिकानगर र सेक्टर २ रामनगरमा सञ्चालन गरिनेछ। पुस ४ गते शेरबहादुर गुरुङ्ग जिल्ला स्तरीय कविता प्रतियोगिता (सेक्टर १ कालिकानगर)मा आयोजना हुने छन् ।

यस्तै पुष ४ गते कालिका गायन तारा प्रतियोगिता “मन्दिरा गलामी स्मृति कालिका गायन तारा २०८१ (सेक्टर १ कालिकानगर) आयोजना गरिने छ ।

लुम्बिनी प्रदेश सभामुख तुलाराम घर्ती मगरको मुख्य आतिथ्यतामा पुष ६ गते स्व.अरुण पौडेल स्मृति ५००० मीटर दौड प्रतियोगिता, (सेक्टर १ कालिकानगर) विविध छात्रवृत्ति अक्षयकोष वितरण(सेक्टर २ रामनगर) मा आयोजना गरिने भएको छ। यस्तै पुस पुष ७ गते विज्ञान, प्रविधि तथा पुस्तक प्रदर्शनी, मूल समारोह (सेक्टर १ कालिकानगर) मा प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना गर्न लागिएको हो ।

कालिका मानवज्ञान मावि वि.स. २०६७ सालदेखि नगरस्तरीय र २०७८ सालदेखि जिल्लास्तरीय खेल प्रतियोगिता शुरु गरेको इतिहास छ। वि.सं. २०७६ सालमा १४/१४ ओटा स्वर्ण, कास्य र रजत पदक, वि.सं. २०७८ मा आइपुग्दा १६/१६ पदक, २०७९ मा २४/२४ र हाल आएर ३२/३२ पदकमा खेलहरु सञ्चालन गर्दै लगेको छ।

वि.सं. २०७६ सालमा यस विधाअन्तर्गत २२ ओटा विद्यालय, वि.सं. २०७८ मा ३२ वटा विद्यालय, वि.सं. २०७९ मा ४९ ओटा विद्यालय, २०८० सालमा २७ वटा विद्यालय संलग्न भएका थिए।

विद्यालयले जिल्लामा अवस्थित सम्पूर्ण विद्यालयलाई समेट्दै खेलको विकासमा थप टेवा पुऱ्याउँदै आइरहेको छ।

यस विद्यालयले प्राज्ञिक तथा शैक्षिक क्षेत्रमा मात्र नभई खेलकुद तथा अतिरिक्त क्रियाकलापमा समेत महत्वपूर्ण उपलब्धि हासिल गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पदकहरु जिती राष्ट्रको गरिमा उँचो गराउने अब्बल खेलाडीहरु समेत उत्पादन गर्न सफल भएको छ । यहाँ उत्पादिन खेलाडीहरुले “बाह्रौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता” मा विभिन्न विधाहरु जस्तै कबड्डीमा राहुल अर्याल र दिपेश यादवले स्वर्ण पदक प्राप्त गर्न सफल भएका थिए। यसैगरी गण्डकी प्रदेशमा सञ्चालित “नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता” मा यस विद्यालयका सलिम देवानले एथलेटिक्सको लङ्जम्पतर्फ आफ्नो नाममा नयाँ रेकर्ड बनाउँदै स्वर्ण पदक प्राप्त गरेका थिए।

कबड्डी छात्रतर्फ सतिस कुर्मी, राहुल अर्याल, अमित राजभार, मुवारक मियाले स्वर्ण पदक प्राप्त गरेको थिए। कबड्डी छात्रातर्फ आर्जु क्षेत्री र सुजाता बुढाथोकीले सहभागिता जनाएका थिए। यस्तै आईटीएफ तेक्वान्डोतर्फ यसै विद्यालयकी रुपा बुढाथोकीले रजत पदक प्राप्त गर्न सफल भएकी थिइन । नवौं राष्ट्रिय खेलकुदमा यस विद्यालयका १२ जना विद्यार्थीको सहभागिता रहेको र उनीहरुद्वारा महत्वपूर्ण उपलब्धि हासिल गरेका थिए।

जिल्लाभरिका विद्यालयहरुबिच सकारात्मक र मित्रवत् प्रतिस्पर्धाको लागि शिक्षासँगै खेलकुदको माध्यमबाट पनि प्रतिभा पहिचान र समग्र राष्ट्रको गरिमा बढाउनको लागि हाम्रो विद्यालयले टेवा पुऱ्याउन सकोस भन्ने अवधारणाका साथ यस वर्ष विविध खेल तथा कार्यक्रमहरुको आयोजना गरिएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीले सबैको साथ र सहयोगबाट कालिका ले देशमै सर्वोच्चस्थान प्राप्त गर्न सफल भएको बताएका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com